# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, पौष ११ गते २०२६ साल

श्री ५ को सरकार

## भूमिसुधार मन्त्रालयको

## सूचना

भूमि सम्बन्धी ऐन २०२१ को दफा १२ को खण्ड (ङ) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले झापा जिल्ला अन्तरगतका निम्नलिखित टि. स्टेटहरूलाई निम्न-बमोजिमको हदसम्मको जग्गा चिया उद्योगको जग्गा काममा रहेसम्म हदबन्दीमा छुट दिइएको हुंदा यो सूचना प्रकाशित गरिएको ।

<u>तपसिल</u>

१) <u>सति घट्टा टि. स्टेट</u>

झापा जिल्ला अन्तरगत उक्त टि. स्टेटको नाममा दर्ता रहेको जग्गा बिगहा १५० र मोरंग जिल्ला अन्तरगत उक्त टि. स्टेटको नाममा दर्ता रहेको जग्गा बिगहा १७६–१२–१ समेत गरी जम्मा जग्गा बिगहा ५०० पाँचसयसम्म ।

२) <u>बुधकरण एण्ड सन्स टि. कम्पनी प्रा. लि.</u>

झापा जिल्ला अन्तरगत उक्त टि. स्टेटको नाममा दर्ता रहेको जग्गा बिगहा १६०–१–५ समेत गरी जम्मा जग्गा बिगहा ५०० पाँचसयसम्म ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३) मिठल टि. स्टेट

झापा जिल्ला अन्तरगत उक्त टि. स्टेटको नाममा दर्ता रहेको जग्गा बिघा ३६१–१५–७ समेत गरी जम्मा जग्गा बिगहा ५०० पाँचसयसम्म ।

४) गिरिबन्धु टि. स्टेट

झापा जिल्ला अन्तरगत उक्त टि. स्टेटको नाममा दर्ता रहेको जग्गा बिगहा २४३–१६–१२ समेत गरी जम्मा जग्गा बिगहा ५०० पाँचसयसम्म ।

आज्ञाले–
रामबहादुर रावल
श्री ५ को सरकारको सचिव

222

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।